


# केशव बडाल :
# इमानको इन्द्रेणी



– अनिल पौडेल

सधैंको उर्जाशील, सङ्घर्ष शील र इमान्दार - नेकपा (एमाले)का नेताको नाम हो केशव बडाल । मैले त उहाँलाई 'इमानको इन्द्रेणी' भन्ने उपनामले सम्बोधन गर्ने गरेको छु । घामपानी भएको बेला आकाशमा लाग्ने चित्ताकर्षक इन्द्रेणीले जो कसैलाई पनि मोहित बनाइदिन्छ । त्यसका ७ रङ जस्तै केशव बडालका पनि जीवनका ७ रङहरू छन् र तिनीहरू सबैको समान महत्व रहेको छ । ती जिम्मेवारीका दुर्लभ रङहरू हुन् -

- स्वाभिमानको रङ
- सहकारीको रङ
- पार्टीको रङ
- किसान सङ्गठनको रङ
- भूमि आयोगको रङ
- उद्योगमन्त्रीको रङ र
- लेखन यात्राको रङ

ती रङहरूको पातलो झिल्लिबाट उहाँलाई चिहाउँदा स्वाभिमानको रङ सफा देखिन्छ । जनता र माटोमाथि कसैले धावा बोले वा खिसिट्युरी गरे पाखुरा सुर्केर जाइलागेको दृष्य त टेलिभिजनका पर्दामा पनि देखिरहेकै छौं ।

सहकारीको रङ सग्लो देखिन्छ । त्यसैकारण सहकारीभित्र सामान्य सदस्यको रूपमा प्रवेश गरेर त्यसको उच्चतम जिम्मेवारी राष्ट्रिय सहकारी महासंघको राष्ट्रिय अध्यक्षको रूपमा दुई कार्यकाल नेतृत्व गरिसक्नु भएको छ । नेपालको सहकारी आन्दोलनको नाम लिँदा केशव बडालको योगदान छुट्यो भने त्यो आन्दोलनको स्वरूप अपूर्ण हुन्छ । नेपालभित्र मात्र होइन, एशिया प्रशान्त क्षेत्रभरि नै सहकारीको विकासमा उहाँको योगदान रहेको छ । राष्ट्रिय सहकारी महासंघको नवनिर्वाचित अध्यक्ष ओमदेवी मल्लले त बारम्बार यो लेखकसँग भन्ने गर्नु भएको छ, 'बडाल सरको योगदानकै

कारण मैले अन्तर्राष्ट्रिय सहकारी महासंघको सदस्य हुने अवसर पाएको हुँ, नभए त्यो पदको हकदार उहाँ नै हुनुहुन्थ्यो ।'

पार्टीगत जीवनको रङ पवित्र देखिन्छ। साधारण समर्थक हुँदै आज अनुशासन आयोगको अध्यक्षको जिम्मेवारी लिंइरहँदा समेत उहाँको निष्ठामा घुनपुतली लागेको कुरा सुन्नमा आएको छैन। अनेरास्ववियुको विद्यार्थीका झैं सधैं नयाँ जोश र उत्साह लिएर पार्टी यात्रामा दौडिरहनु भएको छ। सायद, मदन भण्डारीले भन्नु भएको कुराले केशव बडाललाई सधैंभरी उर्जा दिइरहन्छ, “राजनीतिमा थकाइ भन्ने शब्दावली हुँदैन, हार जित हुन्छ। अघि र पछि हुन्छ। राम्रा क्षणहरू आउँछन्, तर सही राजनीतिमा थकावट, शिथिलता, पलायनता बिसर्जन भन्ने कुरा हुँदैन।”

अर्थात्, पार्टीको झण्डा बोकेर ७६ वर्षको उमेरमा पनि नथाकेका एकजना 'लम्बे यात्रा'का यात्रीको नाम हो केशव बडाल। पार्टीगत जीवनको कुरा गर्दा उहाँ सर्वप्रथम सङ्गठित हुनु भएको पार्टीको नाम हो 'सर्वहारावादी क्रान्तिकारी सङ्गठन नेपाल'। उक्त पार्टीको २०३३ सालमा भएको प्रथम राष्ट्रिय सम्मेलनबाट केन्द्रीय कमिटीको सदस्यमा निर्वाचित हुनुभयो। पार्टीले बागमती, नारायणी र जनकपुर अञ्चलको जिम्मेवारी दियो। सम्मेलनमा २६ जिल्लाका प्रतिनिधिहरू सहभागी भएका थिए।

यो पार्टीको २०३५ सालमा का. रोहितले नेतृत्व गरेको सङ्गठन र का. रूपलाल विश्वकर्माले नेतृत्व गरेको सङ्गठनबिच एकीकरण भयो। तीनवटा पार्टी मिलेर बनेको सङ्गठन को नयाँ नाम 'नेपाल मजदुर किसान सङ्गठन' राखियो।

२०३५/०३६ सालमा निर्दलीयता र राजतन्त्तको विरुद्ध उठेको जनआन्दोलनलाई हेर्ने सवालमा पार्टीका नेताहरू बिचमा विभाजनका रेखाहरू कोरिए। बहस चुलिँदै गएपछि रोहितले नयाँ पार्टी खोले गए। बाँकी नेताहरूले २०३७ सालमा राष्ट्रिय सम्मेलन गरेर पार्टी एकताका

लागि नेकपा (माले)सँग सघन रूपमा वार्ता गर्ने निर्णय गऱ्यो। त्यतिबेला कमरेड बडालको नाम विज्ञान थियो।

पार्टी एकताको निर्णय बिचमै असफल भएपछि २०३८ साल कात्तिक ७-११ म विशेष राष्ट्रिय सम्मेलनको आयोजना गरियो। एकताको पक्षमा नलागेको भन्दै अध्यक्ष रूपलाल विश्वकर्मालाई हटाएर कमरेड डा. डि.सि. सिंहलाई नयाँ अध्यक्ष बनाइयो। यो नवनिर्वाचित पार्टीको पहिलो बैठकले पुनः मालेसँग वार्ता गर्न ३ सदस्यीय टोली गठन गऱ्यो। जसमा केशव बडाल पनि हुनुहुन्थ्यो। फलस्वरूप २०४० साल जेठ २१ गते नेकपा (माले) र नेपाल मजदुर किसान सङ्गठनका बिचमा एकता हुन गयो। अब केशव बडाल नेकपा (माले)को केन्द्रीय सदस्यमा समाहित हुनुभयो। त्यसपछि पार्टीले ९ वटा जिल्लाहरू समेटेर बनाएको मध्यउत्तर क्षेत्रीय कमिटीमा आबद्ध हुनुभयो। नेकपा (माले) एमाले भएपछि पार्टीको चौथो, पाँचौँ, छैटौँ, सातौँ, आठौँ र नवौँ महाधिवेशनबाट केन्द्रीय कमिटीमा निर्वाचिन हुनुभयो। २०५६ सालेदेखि २०६५ साल फागुनसम्म स्थायी कमिटीको सदस्य, २ कार्यकाल मध्यमाञ्चल क्षेत्रको प्रमुखको जिम्मेवारी सम्हाल्नुभयो। २०७१ सालदेखि केन्द्रीय सल्लाहकार परिषद्को अध्यक्ष हुँदै हाल केन्द्रीय अनुशासन आयोगको अध्यक्षको जिम्मेवारी निर्वाह गरिहनु भएको छ।

केशव बडालले पार्टीको जिम्मेवारीसँगै जनप्रतिनिधि भएर पनि इमान्दारितापूर्वक आफ्नो जिम्मेवारी वहन गर्नु भएको छ। उहाँले २०४८ सालको संसदीय निर्वाचनमा काभ्रे क्षेत्र नं. ३ बाट निर्वाचित भएर सदनमा कमैया मुक्तिको मुद्दालाई जोडतोडसँग उठाएर समाधानको बिन्दुसम्म पुऱ्याउनु भएको थियो। २०५१ सालको संसदीय निर्वाचनमा काभ्रेकै ३ नम्बर क्षेत्रबाट प्रतिनिधिसभामा निर्वाचित हुनुभयो।

बहुदल आएपछि २०६२/०६३ सम्म उहाँ अनेकौं पटक गिरफ्तार हुनुभयो । उहाँले सहभागिता जनाएका र नेतृत्व गरेका आन्दोलनका चरणहरू निम्नानुसार छन् -

- २०३५/०३६ सालको आन्दोलन तथा जनमत सङ्ग्रहको बेला नारयणी, बागमती र जनकपुर अञ्चलमा सक्रिय नेतृत्व गरेको ।
- २०४२ सालको शिक्षक आन्दोलनमा बागमती अञ्चल तथा मध्यउत्तर क्षेत्रीय कमिटी मार्फत नेतृत्व गरेको ।
- २०४६ सालको निरङ्कुश पञ्चायती व्यवस्था विरोधी राष्ट्रिय आन्दोलनमा रामेछाप, दोलखा सहित बागमती अञ्चल (मध्योत्तर क्षेत्रीय कमिटी)का इञ्चार्जको हैसियतले आन्दोलनको नेतृत्व गरेको ।
- २०४६ सालको आन्दोलनको क्रममा ललितपुर उपमहानगरपालिका वडा नं. ९ को च्यासल र काठमाडौंको मरुहिटिमा केन्द्रीय आन्दोलन सञ्चालन कार्यालयको सञ्चालन गरी मध्योत्तर क्षेत्रका सम्पूर्ण कार्यकर्ता शक्ति केन्द्रित गरी आन्दोलन परिचालन गरेको ।
- ललितपुर नगरपालिकामा सागरमा सिंर र ज्ञानबहदुरको हत्यापछि आफू त्यहाँ बसेर ललितपुर नगरलाई मुक्त घोषणा गराउँदै बहुदलीय व्यवस्था स्थापना नभएसम्म आन्दोलनकारी शक्तिलाई उर्जा प्रदान गरेको ।
- २०४६ साल चैत २४ गतेको आन्दोलनलाई प्रत्यक्ष रूपमा काठमाडौं केन्द्रित गरी परिचालन गरेको ।
- २०६२ मा राजाले सम्पूर्ण अधिकार आफ्नो हातमा लिई जननिर्वाचित सरकारलाई बर्खास्त गर्दा अस्तित्वमा रहेका

राजनीतिक शक्तिलाई समेट्दै निरङ्कुशता विरोधी आन्दोलनमा अग्रस्थानमा रही भूमिका निर्वाह गरेको ।

- २०६१ साल श्रावण २० गतेदेखि ३० गतेसम्म भएको नेकपा (एमाले)को केन्द्रीय कमिटीको बैठकमा गणतन्त्र स्थापनाको न्यूनतम कार्यक्रम राखेर पार्टीको सम्पूर्ण शक्ति लाग्नु पर्ने प्रस्ताव राख्दा व्यापक छलफल गरी सर्वसम्मतिबाट पास भएको । त्यसपछि आन्दोलनको शसक्त तयारीमा लाग्दै २०६१ मङ्सिर ४ गते बुटवलमा भएको एमालेको विशाल सभामा लाखौँ जनताले भाग लिएको ।
- २०६१ पौष २८ गते जनकपुरमा हुने आमसभाको तयारीका लागि पार्टीले स्थायी कमिटीको तर्फबाट खटाएको, अथक मेहनत गरी सो सभामा ३ लाख मानिस उतारेको ।
- २०६१/६२ सालको आन्दोलनको नीति, नारा र कार्यक्रम तय गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको । उक्त कार्यमा सफलता प्राप्त गरेको ।

उहाँले नेतृत्व गरेको पार्टीको जनवर्गीय सङ्गठन अखिल नेपाल किसान संघको रङ सशक्त देखिन्छ । नेपाल कम्युनिष्ट पार्टीका नेता तुल्सीलाल अमात्यको अध्यक्षतामा नेपाली किसानको हक, हित र अधिकारको आन्दोलनको नेतृत्व गर्ने उद्देश्यले बि.सं. २००८ साल बैशाख १७ गते स्थापना भएको अनेकिसंमा उहाँ २०४१ सालदेखि २०४७ सालको आश्विनसम्म केन्द्रीय कोषाध्यक्ष र मध्य-उत्तर क्षेत्रीय कमिटीको अध्यक्ष हुनुभयो । २०४७ सालदेखि महासचिवको जिम्मेवारी लिनुभयो । २०५४ सालदेखि २०५८ सालसम्म राष्ट्रिय अध्यक्ष हुनुभयो । यही समयमा मेचिदेखि महाकालीसम्मको ३२ दिने किसान जागरण यात्राको आयोजना गरेर लाखौं किसानलाई पदयात्रा गराउनु भयो । यो पदयात्रामा ३३५ वटा किसान जागरण सभा भएका थिए । ३१९ जना अगुवा किसानहरू सम्मानित भएका थिए । कृषि प्रधान देशमा सबैभन्दा अपहेलित अवस्थामा

जीवन बिताइरहेका किसानको शिर ठाडो पार्ने र श्रमको सम्मान गर्नुपर्छ भन्ने सन्देश यो अभियानले दिएको थियो ।

यसैगरी भूमिसुधार आयोगको रङ अग्लो देखिन्छ । नेकपा (एमाले)को नेतृत्वमा २०५१ सालमा बनेको अल्पमतको सरकारका पालामा उहाँको नेतृत्वमा यो आयोग बनेको थियो । उच्चस्तरीय भूमिसुधार आयोगको नामा बनेको आयोगलाई बडाल आयोगको नामले पनि चिनिएको थियो । जमिनको अधिकतम सदुपयोग, रोजगारीको अवसर र कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि ल्याई सामाजिक न्याय प्राप्तिमा सहायक हुने गरी विद्यमान सामन्तवादी र अबैज्ञानिक भूमि प्रणालीको अन्त्य तथा भूमिको वस्तुपरक सीमा निर्धारण र जग्गामा रहेको दोहोरो नियन्त्रण प्रणालीको समाप्तिका निमित्त अपनाउनु पर्ने नीतिगत तथा अन्य उपायहरूको सुझाव प्रस्तुत गर्ने उद्देश्यले बनेको उक्त आयोगले अत्यन्त मेहनत गरेर देशी-विदेशी अनुभवहरूलाई पनि ग्रहण गरेर सरकारलाई प्रतिवेदन बुझायो । उक्त प्रतिवेदन तयार भएपछि पूर्व अर्थमन्त्री, परराष्ट्र मन्त्री, अर्थविद् एवं राप्रपाका नेता डा. प्रकाशचन्द्र लोहनीले भनेका थिए - “यो प्रतिवेदन तीनवटा विषयको विद्यावारिधि बराबर रहेछ ।”

नेपालको भूमि व्यवस्था, त्यसको ऐतिहासिक पृष्ठभूमि, भूमि व्यवस्थाका परिकार, गुठी, हदबन्दीको व्यवस्था, चक्लाबन्दी सम्बन्धी व्यवस्था, भू-उपयोग नीति, कृषि विकासका समस्याहरू, कृषि श्रमिकका कुरा र भूमिसुधार कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न अप्नाउनु पर्ने कुराहरू उक्त प्रतिवेदनमा थिए ।

यदि सरकारले त्यसो प्रतिवेदनलाई कार्यान्वयनमा ल्याइदिएको भए भूमिमाथि रहेका सारा समस्याहरूको हल हुने थियो । उत्पादनमा वृद्धि हुने थियो । जग्गाको खण्डीकरण रोकिने थियो । आज हामी खाद्यान्न निर्यातको ठाउँमा पुग्ने थियौं र माओवादी आन्दोलनको जन्म पनि हुने थिएन ।

इमानको इन्द्रेणीको छैटौँ रङ अर्थात् उद्योगमन्त्रीको रङ ओजपूर्ण देखियो। उहाँ लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा बनेको छोटो अवधिको मिलिजुली सरकारमा २०५३ चैत ११ गते उद्योगमन्त्री बन्नुभयो। खासमा उहाँको विज्ञता कृषिमा थियो। तर जिम्मेवारी आइलाग्यो फरक क्षेत्रको। तर यो मन्त्रालयमा पनि फरक खालको मेहनत गरेर थला परेको उद्योग व्यवसायलाई स्लाइन पानी चढाएर हिँड्न सक्ने अवस्थामा ल्याई दिनुभयो। सर्वप्रथम उहाँले यस क्षेत्रका रोगहरूको अध्ययन गरी अनि तिनको निदानका बाटाहरू खोज्नुभयो। ती बाटाहरूले आकार लिनै नपाई सातै महिनामा सरकार ढल्यो।

त्यतिबेला सरकार बन्ने र भत्कने कुरा भाँडाकुटी खेल जस्तो थियो। इन्द्रेणीको सातौँ रङ हो लेखन यात्राको रङ। यो रङले उहाँलाई कहिल्यै पनि भूतिपूर्व हुन दिने छैन। उहाँले लेखेका पुस्तकहरूमा र नयाँ-नयाँ सिर्जनामा सधैंभरि अभूतपूर्व बनाएर राख्नेछ। कविता लेखनबाट सुरु भएको उहाँको सिर्जना यात्रा आर्थिक लेख, राजनैतिक लेख हुँदै सिङ्गो कृतितर्फ साधानारत रहेको छ। तर जुनजुन विधा विषय लेखे पनि उहाँको लेखन क्षेत्रको केन्द्रबिन्दु जनता रहेमने छ। जनताभित्र पनि श्रमजिवी जनतामा कलम बढी रमाउँछ। सहकारी क्षेत्रको नेतृत्व दिन थालेपछि भने बढी पुस्तकहरू त्यसै क्षेत्रमा केन्द्रित भएर लेखिएका छन्।

हालसम्म उहाँद्वारा लिखित पुस्तकहरू निम्नानुसार छन् -

१. संसार बनाउने श्रमजीवी जनता हुन् - २०३६ (आठौँ संस्करणसम्म प्रकाशित)
२. किसान कार्यकर्ताहरूबारे केही कुरा - २०४४ (तेस्रो संस्करणसम्म प्रकाशित)
३. नेपालमा भूमिसुधार, कृषि क्रान्ति र अर्थतन्त्रको विकास - २०५५
४. सहकारी सिद्धान्त र प्रयोग - (११ औं संस्करणसम्म प्रकाशित)

५. भियतनाम र भूमिसुधार - २०६६
६. भूमि र कृषिको अर्थराजनीति - २०६६
७. चीनको अर्थ राजनीति र सहकारी - २०६७
८. समृद्ध अर्थतन्त्रका लागि सहकारी - २०६९
९. सहकारी -२०७०
१०. दिगो विकास लक्ष्यका लागि सहकारी : अन्तर्राष्ट्रिय अनुभव - २०७४
११. सहकारी स्वायत्तता र स्वतन्त्रता - २०७६
१२. समाजवादतर्फको यात्रामा सहकारी - २०७७
१३. सिंहावलोकन - २०८०

तर केशव बडालको चिनारी माथिका सात रङमा मात्रै सीमित छैन। उहाँ सामाजिक घटनामा, परिवर्तनका आन्दोलनमा, विकासका पानामा र निर्माणका बाटामा जतातते पोखिनु भएको छ। उहाँ मूलतः राजनीतिक व्यक्तित्व हुनुहुन्छ। जस्तासुकै ज्वारभाटाहरू आए पनि पार्टीको मूलमर्मलाई जोगाइ राख्ने र बोकेर हिँड्ने धर्म हो। उहाँले यो धर्म शानदार रूपमा निर्वाह गर्दैआइरहनुभएको छ।

विभिन्न सन्दर्भमा उहाँले विश्वका एक दर्जनभन्दा बढी देशहरूको भ्रमण गर्नु भएको छ। ती देशहरू भारत, चीन, श्रीलंका, बंगलादेश, म्यान्मार, थाइलेण्ड, भियतनाम, सिँगापुर, मलेशिया, दक्षिण कोरिया, जापान, अष्ट्रेलिया, इरान, जर्मन, फ्रान्स, नेदरल्याण्ड, युके, अमेरिका, मेक्सिको, क्यानाडा, अर्जेन्टिना, दक्षिण अफ्रिका, इजिप्ट, रुवाण्डा आदि हुन्।

केशव बडालसँग जोडिएका र बिर्सन नहुने केही क्षेत्रहरू छन्। जसमा कतै उहाँको भूमिका नायकको रूपमा र कतै सहायकको रूपमा जोडिएको छ। ती महत्वपूर्ण क्षेत्रहरू - २०५१ सालको नौ महिने सरकारले ल्याएको “आफ्नो गाउँ आफैं बनाऔं” कार्यक्रम, ‘जेष्ठ नागरिक भत्ता’, ‘बनेपा

सिन्धुली सडक', निजगढदेखि काठमाडौँसम्म जोडिने 'फास्ट ट्र्याक', 'काठमाडौं विश्वविद्यालय', 'कमैया मुक्ति आन्दोलन' आदि ।

सधैंभरि सङ्घर्षै सङ्घर्षमा जीवन बिताएका यी अथक यात्रीको जन्म २००५ साल असोज २५ गते काभ्रे जिल्लाको चुखा गाउँमा भएको हो । आमा हेमकुमारी र पिता उमाकान्तको उहाँ दसौं सन्तान हुनुहुन्छ । पिता गाउँको पढेलेखेका ज्योतिष र नाम चलेका जिम्मुवाल हुनुहुन्थ्यो । उहाँका दुईवटी श्रीमतीहरू थिए । दुवै गुँडबाट १४ जना छोराछोरीहरूको जन्म भएको थियो ।

बडाल परिवारको पुस्तौनी थलो चुखा हो । उहाँका पुर्खा विष्णुप्रसाद उपाध्याय बडालले राजा जयप्रकाश मल्लसँग २७९ वर्ष अघि ७४७ वटा स्वर्णमुद्रा तिरेर उक्त बिर्ता खरिद गरेका थिए । त्यसरी खरिद गर्दा उल्लेख गरिएको ताम्रपत्र आज पनि उहाँका दाजुसँग सुरक्षित रहेको छ ।

केशव बाल्य अवस्थामा अत्यन्त फुर्ति र चलाख हुनुहुन्थ्यो । आफ्नी आमालाई घाँसखोले गर्न सघाउनु हुन्थ्यो । बुवाबाटै कखरा सिक्नु भएका केशव २०११ सालमा दिदी सिताको घर दुम्जामा पढ्न भनेर जानु भयो । तर दुई वर्ष बस्दा पनि पढ्ने वातावरण नबनेपछि घरमै फर्कनुभयो र आमालाई सघाउँदै बाख्रा चराउन थाल्नुभयो ।

एकदिन बुवाले भन्नुभयो - "केशव, अब तिमीले सधैं गोठालो बसेर हुँदैन, संस्कृत पढ्न थाल । पुराण भन्ने पण्डित हुनुपर्छ । अंग्रेजी पढ्नु हुँदैन, त्यसले नाश गर्छ ।" बुवाले अंग्रेजी पढ्न नदिनु हुने रहेछ भन्ने कुरा थाहा पाएपछि केशवले घर छाड्ने विचार गर्नुभयो । २०२१ सालमा घरमा कोही नभएको मौका पारेर आफ्नो खुत्रुके फुटाउनु भयो । ६४ रूपयाँ जम्मा भएको रहेछ । त्यो पैसा बोकेर काका घनश्यामसँग राति नै बनारस जानुभयो । उहाँको उद्देश्य त्यहाँ गएर अंग्रेजी पढ्ने थियो ।

बनारसमा गएर एकजना पञ्जाबीको होटलमा काम गर्नुभयो । तर त्यहा नेपाली भाषा बोल्नेहरू नभेटिएपछि बंगाली डाक्टरको क्लिनिकमा काम गर्न थाल्नुभयो । यसरी विभिन्न ठाउँमा काम गर्दागर्दै स्थानीय अभिभावक सुलोचना दिदीको सहयोगमा, २०२२ साल पौष १० गते बनारसकै रामकृष्ण विद्या मन्दिरमा ६ कक्षामा भर्ना हुनुभयो । ७ कक्षामा पुगेपछि एकदिन विद्यालयमा हाजिरीजवाफ प्रतियोगिता भयो । त्यहाँ सोधिएका विभिन्न प्रश्नहरूमध्ये एउटा प्रश्न थियो - "सगरमाथा कहाँ पर्छ ?" यो प्रश्नको जवाफ दिँदै केशवका भारतीय साथीले भने - "सर सगरमाथा नेपालमा पर्छ ।" उनको जवाफ सुनेर गुरु रिसाए । उनले गाला रातारात बनाउँदै भने - "लाटा, तँलाई त्यति पनि आउँदैन ? भारतीय महाद्विपको हिमालमा पर्छ भन्न ।"

गुरुको जवाफ सुनेर केशवको मनमा भुँइचाले गयो । उहाँलाई अपमान र ग्लानी भयो । "लौ, यस्तो खुराफाती देशमा बस्न हुँदैन" भनेर तुरुन्तै नेपाल फर्कनुभयो । रक्सौलबाट नेपाल छिर्नासाथ आफ्नो देशको माटो शरिरभरि छर्कनुभयो । यसरी नेपाल फर्केपछि २०२३ सालमा काठमाडौँको पद्मोदय हाइस्कुलमा ९ कक्षामा भर्ना हुनुभयो । त्यहिंबाट २०२६ सालमा एस.एल.सी. उत्तीर्ण हुनुभयो ।

उहाँको सपना इञ्जिनियर बन्ने थियो । एस.एल.सी. दाश्रो श्रेणीमा उत्तीर्ण हुनेले पनि प्रवेश परीक्षा पास गर्‍यो भने पुल्चोक क्याम्पसमा इञ्जिनियर पढ्न पाउँथ्यो । उहाँले ४० जनाको कोटामा १० औँ नम्बरमा नाम निकाल्नु भयो । तर एकजना विभागीय मन्त्रीले धाँधलीपूर्वक उहाँको कोटामा आफ्नो मान्छे भर्ना गरिदिएकोले पढ्न पाउनु भएन । त्यसपछि जागिर खाँदै २०२८ सालमा प्राइभेट परीक्षा दिएर आई.ए. पास गर्नुभयो । बि.ए. भने त्रिचन्द्र कलेजबाट २०३५ सालमा गर्नुभयो । बि.ए. पास गर्नु अगाडि नै उहाँ कम्युनिष्ट पार्टीको सम्पर्कमा आएर समाज परिवर्तनका विभिन्न अभियानहरूमा सहभागी भइसक्नु भएको थियो ।

केशवको विवाह २०२६ साल फागुन १४ मा रामेछापकी शान्ति ढुंगेलसँग भयो । पछि उहाँहरूबाट छोरा कोमल र छोरी सरिता, करुको जन्म हुन गयो ।

हाल पार्टीको महत्वपूर्ण जिम्मेवारी लिँदै आफ्नै परिवारसँग काठमाडौं महानगरपालिका, वडा नं ७, चाबहिलमा बस्नुहुन्छ ।

●